# काठमाडौं महानगरपालिका

## यें महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बागदरवार, काठमाडौं ३ नं.प्रदेश

# तत्काल सुधार कार्यहरुको कार्ययोजना, २०७३

## Revitalization of Urban Government (RUG)

## To Warm Up the Citizen

| सि.नं. | प्राथमिकताको कार्यहरु | समय सिमा | कसरी गर्ने? |
|---|---|---|---|
| १ | Rapid Response Team गठन र परिचालन | १ महिना भित्र-निरन्तर | –महानगरका प्रत्येक विभागबाट ३/३ जनाको Rapid Response Team गठन गरी जनचासोको विषय तत्काल सम्बोधन गर्ने व्यवस्था मिलाउने । |
| २ | प्रमुख कार्यकारी अधिकृत र सबै विभागीय प्रमुख सहितका कर्मचारी<br>विहान ७–११<br>दिनको १२–५<br>साँझ ५–१०<br>} प्रत्येक दिन खट्ने व्यवस्था मिलाउने | १ महिना भित्र-निरन्तर | –कार्यालय समय बाहेकको समय फिल्डमा अधिकतम परिचालन हुने । |
| ३ | वडाको सेवा प्रवाहमा सुधार | ६ महिना भित्र | – कम्तिमा ४ वटा वडा कार्यालयहरुको सेवालाई Centre of Excellence बनाउने सोका लागि वडा कार्यालयहरुको Interior, Exterior डिजाइन नागरिक मैत्री तुल्याउने र प्रविधि मैत्री बनाउने, वडाको शहरी स्वास्थ्य क्लिनिकलाई समेत सुधार गर्ने । |
| ४ | शहरी सडकको सफाई अभियानका लागि उच्च क्षमताका धुलो तान्ने Broomer/ Suction Vehicle १० थान खरिद गर्ने | ३ महिना भित्र | –नेपाल सरकारको समेत सहमतिमा छिमेकी देशहरुबाट खरिद गरी प्रयोगमा ल्याउने । |
| ५ | सडकको सफाई तालिका बनाई लागू गर्ने | ३ महिना भित्र | दैनिक, साप्ताहिक तालिका प्रकाशन गरी सो अनुसार काममा लगाउने । |
| ६ | सफाई कर्मचारीहरुको परिचालन | ३ महिना भित्र | –लगानी बोर्ड नेपालबाट फोहरमैलाको व्यवस्थापन नीजि क्षेत्रमा हस्तान्तरण भई सकेपछि सफाई कर्मचारीहरुलाई भित्री सडक र टोल सफाईमा लगाउने । |

| | | | |
|---|---|---|---|
| | | | —सफाई कर्मचारीहरुलाई Kathmandu Cleaner नाम दिई Half Jacket र टोपी सहित कार्यस्थलमा खट्ने गरी पहिचान दिने ।<br>—भित्रीसडक, टोल सफाई अभियान शुरु गर्ने ।<br>—शहरी सुन्दरता प्रबर्द्धनमा परिचालन गर्ने । |
| ७ | Civic Awareness | ३ महिना भित्र शुरु गर्ने-निरन्तर | —छोटो Video, Audio, जिङ्गल Message तयारी गरी साझा बस र अन्य संगठित बसहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने । |
| ८ | Kathmandu Metropolitan City is ready to Change, Are you ready to change? If you are ready, Please pay your Tax and Pay your Interest, Join Us!! नारा/सन्देश लिएर जाने । | १ महिना भित्र शुरु गर्ने-निरन्तर | —विभिन्न सञ्चार माध्यम प्रयोग गरी प्रचार प्रसारलाई व्यापकता दिने । |
| ९ | विकास दूत नियुक्त गर्ने । | १ हप्ता भित्रै शुरु गर्ने-निरन्तर | —राष्ट्रिय गानका सर्जक प्रदिप कुमार राई "ब्याकुल माइला" लाई काठमाडौं म.न.पा.को विकास दूतमा मनोनयन गर्ने र श्रष्टालाई Civic Awareness र विकासका गतिविधिमा साथ लिने । |
| १० | नदी किनारा र अन्य संभावित स्थानमा ठूलो रुख रोप्ने सोका लागि Tree Transplanter ५ थान खरिद गरी रुख रोप्ने कार्य शुरु गर्ने । | ६ महिना भित्र-निरन्तर | —महानगरक्षेत्रका ठूला रुख रोप्न सक्ने ठाउँहरुको पहिचान गरी रुख रोप्न आवश्यक पर्ने उपकरण खरिद गरी रुख रोप्ने कार्य शुरु गर्ने ।<br>—नदीहरुमा Check d drain बनाउँदै जाने । |
| ११ | फोहर मैला व्यवस्थापनको लागि ओखरपौवा, सिसडोल, बन्चरे डाँडाको एकीकृत व्यवस्थापन गर्ने । | ३ महिना भित्र-निरन्तर | —स्थानीय क्षेत्रको विकासका लागि छुट्टयाइएको बजेटबाट विकास निर्माणका कार्यका लागि समन्वय बैठक राख्ने ।<br>— योजना छनौट र सञ्चालन गर्ने ।<br>— काठमाडौं उपत्यका भित्रका अन्य नगरपालिकाको समेत लगानी सुनिश्चितता/समन्वय मन्त्रालयबाट हुने ।<br>—फोहरमैला व्यवस्थापन तथा श्रोत परिचालन केन्द्रसँग समन्वय गर्ने ।<br>— Survery बाट प्राप्त तथ्याङ्कका आधारमा प्रभावित क्षेत्रका घरधुरी पहिचान गरी परिचय पत्र वितरण गर्ने ।<br>—Private Sector बाट भएको फोहर मैला द्विपक्षीय सम्झौताका सर्तहरु बमोजिम नियमन र समन्वय समेत गर्ने । |

| | | | |
|---|---|---|---|
| | | | –सूर्योदय अगावै फोहर उठाउने प्रबन्ध मिलाउने । |
| १२ | घर निर्माण व्यवसायी/ठेकेदार व्यवस्थापन | ३ महिना भित्र-निरन्तर | –टोलटोलमा घर बनाउने ठेकेदारलाई महानगरमा सूचिकृत हुन आव्हान गर्ने । सुचना प्रकाशन गर्ने । प्रमाणपत्र दिने र Building Code, मापदण्ड, Set Back, भवन संहिता FAR का विषयमा तालिम समेत दिने । |
| १३ | नक्शा पास, घर निर्माण इजाजतलाई व्यवस्थित गर्ने सोका लागि महानगरपालिकामा कार्यरत इन्जिनियर लाई नै जवाफदेही बनाउने ।<br>३००० वर्ग फिट-एउटा मापदण्ड<br>३-५ हजार फिट-एउटा मापदण्ड<br>५-१० हजार फिट-एउटा मापदण्ड<br>तयार गरी लागू गर्ने । | ३ महिना भित्र-निरन्तर | –अधिकारको बाँडफाँड गर्ने ।<br>–स्थलगत निरिक्षण प्रकृयालाई व्यवस्थित बनाउने ।<br>–वडाका इञ्जिनियर समेत परिचालन गर्ने ।<br>–३००० वर्ग फिट सम्मको हकमा घर निर्माण स्थलमा नै इजाजत दिने व्यवस्था लागू गर्ने ।<br>–स्थलगत सूचना पाटी (साइट इञ्जिनियर सहितको विवरण) राख्ने ।<br>–५००० वर्ग फिट भन्दा माथिको जुनसुकै निर्माणमा का.म.पा.को प्राविधिकको नाम, मोबाइल नं. सहितको Display Board साइटमा राख्ने व्यवस्था मिलाउने ।<br>–Building Code Compliance को लागि Regular Monitoring Team गठन गरी परिचालन गर्ने । |
| १४ | भवन निर्माण इजाजतमा विचौलिया हटाउने/अनियमितता घटाउने । | २ महिना भित्र-निरन्तर | –आन्तरिक कार्यको Flow मिलाउने ।<br>–Token System लागू गर्ने ।<br>– निश्चित दिन र प्रक्रिया पुरा गरेकालाई इजाजत दिने व्यवस्था मिलाउने ।<br>– घरधनीलाई SMS मार्फत सूचना दिने ।<br>– DIgital Signature लागू गर्ने । |
| १५ | सार्वजनिक सम्पत्ति, जग्गा, नदी उकास, सम्पदा समेतको लगत अद्यावधिक र संरक्षण गर्ने । | ३ महिना भित्र-निरन्तर | –महानगरका नापी कर्मचारीको छुट्टै Unit गठन गर्ने ।<br>–सबै नक्शाको १/१ प्रति सुरक्षित राख्न नापी विभाग र मातहत कार्यालयबाट माग गर्ने ।<br>–विभिन्न अतिक्रमित भूमि, सम्पत्ति खाली गराउँदै महानगरको स्वामित्वमा ल्याउने गरी कार्य अघि बढाउने । |
| १६ | तीनकुने क्षेत्र सुधार र व्यवस्थापन गर्ने । | ६ महिना भित्र | –तीनकुने क्षेत्रको Fencing गर्ने, सम्याउने । |

| | | | |
|---|---|---|---|
| | | | –दुवो रोप्ने, हरियाली प्रबर्द्धन गर्ने र सुरक्षाको व्यवस्था मिलाउने ।<br>–तीनकुने देखि Airport सम्म Gardening गर्ने । |
| १७ | मुद्दा मामिला/विवाद समाधान | १ महिना भित्र-निरन्तर | –जग्गा मिचिएको, मापदण्ड मिचिएको, सरकारी जग्गा अतिक्रमण गरि संरचना निर्माण गरेको जस्ता विषयको का.म.पा.को इजलासमा आउने मुद्दाको चापलाई कम गर्न,<br>–इञ्जिनियर-१<br>–कानून अधिकृत -१<br>–नगर प्रहरी निरिक्षक-१ र<br>–सर्वेक्षक-१ (समेतको Team स्थलगत रुपमा खटाई On the Spot नै Settlement गर्ने/गर्दै जाने प्रबन्ध मिलाउने) । |
| १८ | निर्माण सामाग्री व्यवस्थापन | ३ महिना भित्र-निरन्तर | सूचना दिने, निर्माण स्थालमा जथाभावी सडकमा निर्माण सामाग्री राख्न नदिने, हटाउन लगाउने, नभए जफत गर्ने । सोका लागि निम्न सवारी साधनहरुको व्यवस्थापन मिलाउने ।<br>१ थान डोजर/लोडर<br>१ थान ट्रिपर र<br>नगरप्रहरीको Mobile Van परिचालन गर्ने । |
| १९ | सडक मर्मत, ढल मर्मतको कार्य प्राथमिकतामा राख्ने । | ३ महिना भित्र-निरन्तर | –भित्री सडकका खाल्डा खुल्डी र जाम भएको मंगाल खोल्ने कार्य गर्ने, Side Drain सफा गर्ने ।<br>–नागरिकहरुबाट कुनै विषयमा गुनासो प्राप्त भएमा On Call Demand पूरा गर्ने प्रबन्ध मिलाउने । |
| २० | कर अभियान सञ्चालन गर्ने । | ३ महिना भित्र-निरन्तर | –प्रत्येक करदाताको पहिचानका लागि फारामको प्रयोग गर्ने ।<br>– Data Base तयारीका लागि स्नातकोत्तर तह (व्यवस्थापन)का विद्यार्थी परिचालन गर्ने ।<br>–कर संकलन/Tax Net को दायरा बढाउने ।<br>–ठूला करदाता पहिचान गरी Tax Payers Privilege Counter को छुट्टै व्यवस्था गर्ने ।<br>–यातायात कार्यालयहरुमा रहेका महानगरका Counter हरुलाई Reform गर्ने । |

| | | | |
|---|---|---|---|
| २१ | MARS कार्यान्वयनमा ल्याउने । | ३ महिना भित्र-निरन्तर | –सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट तयार भई नगरपालिकामा लागू गर्न लागिएको MARS Software, २०७४ श्रावण १ गते देखि सबै वडामा लागू गर्न आवश्यक प्रबन्ध मिलाउने, ICT (Information Communication and Technology) सँग सम्बन्धित सबै किसिममा पूर्वाधारहरुको व्यवस्था मिलाउने । |
| २२ | उज्यालो काठमाडौं कार्यक्रम | १ वर्ष भित्र | –महानगरपालिकाका सार्वजनिक सडक र पार्कहरुमा सौर्य बत्ति जडान गर्ने ।<br>–निजी घर, व्यापारिक भवनका अगाडिका भागमा Focus लाइट राख्न लगाउने ।<br>–एउटै सडक वा गल्लीमा बनेका घरहरुमा एकै प्रकारको रंग लगाउन प्रोत्साहन गर्ने कार्यक्रम संचालन गर्ने ।<br>–सडकबाट देखिने भाग (Face)मा प्रत्येक घरधनीहरुलाई Plaster र रंगरोगन गर्न लगाउने । |
| २३ | मुल सडकसँग जोडिएका शाखा सडकको पहिलो खण्ड पीच गर्दै जाने | ६ महिना भित्र-निरन्तर | –पहिलो चरणमा ३० मी.देखि ५० मी.खण्डसम्म पीच गर्दै धुलो/हिलो मुल सडकमा आउने Source घटाउँदै जाने ।<br>–मुल सडकसँगै जोडिएका स्थानमा भएका ग्यारेज, वर्कसप, गोदाम, पार्किङ्ग वा अन्य संरचना भएका स्थानबाट सोझै सवारी आवत-जावत गर्दा त्यस्ता स्थानको धुलो र हिलो बाहिर आएको छ भने त्यसलाई सुधार्न प्रत्येक व्यवसायीलाई Block विछ्याउन वा ढलान गर्न र धुलो Seal गर्न लगाउने ।<br>–सो को सूचना दिने, ताकेता गर्ने अन्यथा प्रचलित कानून अनुसारको कारवाही गर्ने । |
| २४ | निर्माण कार्यको गुणस्तर र समयमै सम्पन्न गर्ने। | तत्कालै शुरु गर्ने-निरन्तर | – इञ्जिनियर परिचालन गर्ने र गुणस्तरको परिक्षण गर्ने ।<br>–साइट Information Board राख्ने ।<br>–समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीहरुको ठेक्का तोड्ने, कालो सूचीमा राख्ने, सचेत गराउने । |
| २५ | सूचना सहितको Location Map राख्ने ।<br>स्टिल ट्रस फ्रेम सहित सडक साइन बोर्ड राख्ने । | ६ महिना भित्र | –सार्वजनिक नीजि साझेदारीको Model बाट का.म.पा. भित्र २०० देखि ३०० ठाउँमा Information सहितको Location Map र सडक साइन बोर्ड राख्ने । |
| २६ | बालाजु पार्कको स्तरोन्नति | ६ महिना भित्र-निरन्तर | –का.म.पा.अन्तर्गत संचालित बालाजु बाइसधारा सार्वजनिक |

| | | | |
|---|---|---|---|
| | | | उद्यानको स्तरोन्नति गर्ने ।<br>—तारबार गर्ने, Public Utility थप हुने गरी निर्माण कार्य गर्दै जाने । |
| २७ | शहरी सेवा केन्द्र र सार्वजनिक शौचालयको निर्माण | ६ महिना भित्र-निरन्तर | —शहरी सेवा केन्द्र/सार्वजनिक शौचालय निर्माणको कार्य सार्वजनिक नीजि साझेदारी अवधारणा अन्तर्गत अगाडि बढाइसकिएको छ । सो अवधारणा अन्तर्गत सडक विभागबाट अनुमति पाएको का.म.पा.को ४२ ठाउँमा शहरी सेवा केन्द्र/सार्वजनिक शौचालय निर्माण गरी Public Utility थप गर्ने । |
| २८ | पुरातात्विक तथा प्राचिन स्मारक एवम् सम्पदाहरुको पुनः निर्माण | १ वर्ष भित्र-निरन्तर | —पुरातत्व विभागसँग समन्वय गरी कार्य गर्ने ।<br>—महानगरको बजेट समेत परिचालन गरी कार्य सम्पन्न गर्ने ।<br>—का.म.पा.का पुरातात्विक, धार्मिक, साँस्कृतिक एवम् ऐतिहासिक बजार क्षेत्र, साँधुरा गल्ली भएका क्षेत्रमा सरोकारवाला निकायको समन्वयमा सवारी साधनहरुको प्रवेश निषेध र नियमन गर्न पहल गर्ने/गराउने । |
| २९ | पर्यटक घुमाउने Sky Bus सञ्चालन गर्ने | ६ महिना भित्र-निरन्तर | पर्यटन व्यवसायीसँग सहकार्य गरी सार्वजनिक, नीजि साझेदारी अवधारणाबाट Sky Bus संचालन गर्ने । |
| ३० | शहरी यातायातमा सरलता ल्याउने | ६ महिना भित्र-निरन्तर | —काठमाडौं महानगरपालिका क्षेत्र भित्र ध्वनी प्रर्दूषण, ट्राफिक जाम लगायतका शहरी यातायात सम्बन्धी समस्या समाधानका लागि सरोकारवाला निकायसँग छलफल गरी ठोस कार्य योजना बनाई काम गर्ने ।<br>—पार्किङ्ग व्यवस्थापन गर्ने,<br>—वान वे ट्राफिक सम्भाव्यता अध्ययन गर्न सरोकारवाला निकायसँग समन्वय गरी कार्यान्वयन प्रकृया अगाडि बढाउने । |

**ईश्वरराज पौडेल**
प्रमुख तथा कार्यकारी अधिकृत
मिति २०७३।१२।१८
राष्ट्रिय सभागृह, काठमाडौं